**जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा संघको माग**

संघीय लोकतान्त्रिक गणतन्त्र र पुर्ण समानुपातिक निर्वाचन !
अपाङ्ग सहितको विभेद रहित समावेशी राज्य संचालन !!
मूल नारा सहित जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा संघ र अखिल नेपाल क्रान्तिकारी अपाङ्ग संघले संयुक्त रुपमा २२ बुँदे मागहरु

१. अन्तरिम व्यवस्थापिका संसदद्धारा पारित पूर्णसमानुपातिक निर्वाचन प्रणाली र गणतन्त्र घोषणा तत्काल कार्यान्वयन गर्नुपर्ने ।
२. संविधानसभा निर्बाचनको मिति तत्तकाल घोषणा गर्नुपर्ने ।
३. महानजनयुद्ध तथा जनआन्दोलनहरुमा घाइते बन्न पुगेका नागरिकहरुको निःशुल्क उपचार गर्नु पर्ने ।
४. घाइते तथा अपाङ्गहरुको प्रकृति अनुसार सिपमूलक तालिम तथा हरेक निकायमा रोजगारको सुनिश्चितता गर्नु पर्ने ।
५. शक्ति सम्पन्न अपाङ्ग सशक्तिकरण आयोग तत्काल गठन गर्नु पर्ने
६. अपाङ्गता अधिकार सम्बन्धी संयुक्त राष्ट्रद्धारा प्रस्तुत अन्तराष्ट्रिय महासन्धी तत्काल अनुमोदन गर्नु पर्ने
७. अपाङ्गता बिषयमा बनेका ऐन, नियम, नीति निर्देशनहरु तथा परिभाषको सम्बन्धमा व्यापक छलफल गरी सुधार एवम संसोधन गर्नु पर्ने
८. घाईते तथा अपाङ्गहरुलाई राज्यको हरेक क्षेत्र र तहमा विषेशाधिकारको व्यवस्था गर्नु पर्ने
९. अपाङ्गता परिचय-पत्र वितरणमा सुधार गरी अपाङ्गताको प्रकृति र गहनताको आधारमा सुविधा प्रधान गर्नु पर्ने
१०. जनयुद्ध तथा जनआन्दोलनहरुको क्रममा घाईते तथा अपाङ्ग बनेका नागरिकहरुको हकमा सम्बन्धित क्षेत्रकै परिचय पत्र लागू गरी सुविधा दिनु पर्ने
११. हवाई तथा यातायातहरुमा लागू गरिएको आरक्षण तथा भाडा छुट सबै प्रकारका अपाङ्गहरुले उपभोग गर्न पाउने गरी तत्काल कार्यान्वयन गर्नु पर्ने
१२. अतिअशक्त अपाङ्गता भएका नागरिकहरुका लागि जिवन धान्न पुग्ने भरण पोषण तथा सहयोगीको व्यवस्था राज्यले गर्नु पर्ने ।
१३. भौतिक संरचनाहरु अनिवार्य रुपमा सबै प्रकारका अपाङ्गहरुका निम्ति अवरोधमुक्त बनाउनु पर्ने ।
१४. अपाङ्गहरुको पहुँचमा सर्वत्र विकास गर्न स्पष्ट खालको नीतिगत व्यवस्था लागू गर्नु पर्ने ।
१५. अपाङ्गहरुका क्षेत्रमा हुने जुनसुकै प्रकारका भ्रष्टाचार तथा घटनाहरुलाई सामाजिक अपराधको रुपमा लिई दण्डित गर्नु पर्ने ।
१६. शिक्षा, स्वास्थ्य, र रोजगारीको क्षेत्रमा घाइते तथा अपाङ्गहरुलाई अनिवार्य रुपमा प्राथमिकता र सहुलियत हुनु पर्ने ।
१७. सिमित क्षेत्र तथा निकायसँग गरिएको सिण्डकेट प्रणाली जस्ता सम्झौताहरु तत्काल खारेज गरी सबै अपाङ्गहरुको पहुँच पुग्ने गरी व्यापक छलफल र परामर्शको आधारमा सरलीकरण र सहजीकरणको नयाँ व्यवस्था गर्नु पर्ने ।
१८. केन्द्रीकृत रुपमा अपाङ्गता सम्बन्धि समिति संघ संस्थालाई मात्र बार्षिक बजेट दिइने व्यवस्था अन्त्य गरी उचित मापदण्डको आधारमा अपाङ्गहरुको निम्ति परिचालन गर्न नयाँ नीति अख्तियार गर्नु पर्ने ।
१९. अधिकारमुखी अवधारणाको आधारमा अपाङ्ग ऐनको निर्माण गरी अन्य ऐनहरु समेत निर्मित ऐनसँग सापेक्षित हुने गरी संशोधन गर्नु पर्ने ।
२०. संविधानसभाको निर्वाचनमा अपाङ्गता भएका नागरिकहरुको लागि सिट सुरक्षित गर्नु पर्ने ।
२१. महान जनयुद्धको क्रममा घाइते तथा अपाङ्ग बन्न पुगेका योद्धाहरुलाई राज्यले राज्यको महत्वपूर्ण अंगको रुपमा सम्बोधन गरी तत्काल राहत पुनर्स्थापना तथा जीवनप्रबृतिको व्यवस्था गर्नु पर्ने ।
२२. सरकारी कार्यालयहरुमा कार्यरत अस्थायी अपाङ्ग कर्मचारीहरुलाई तत्काल स्थायी गर्नु पर्ने ।
मिति २०६४/०९/०४

क. सिजल
संयोजक
जनक्रान्तिका घाइते तथा अपाङ्ग योद्धा संघ
केन्द्रीय समिति

टेकनाथ न्यौपाने
अध्यक्ष
अखिल नेपाल क्रान्तिकारी अपाङ्ग संघ
राष्ट्रिय सम्मेलन आयोजक समिति